सम्वत् २०७९ सालको ऐन नं १

# गन्यापधुरा गाउँपालिकाको आधारभूत शिक्षा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक

**प्रस्तावना:** राष्ट्रको सर्वाङ्गीण विकास, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सुदृढीकरण गर्नका लागि व्यक्तिमा सदाचार, सहिष्णुता, नैतिकता र मानवीय मूल्यको प्रवर्द्धन गर्दै स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित सीपयुक्त, परिश्रमी, सिर्जनशील र प्रतिस्पर्धी क्षमता भएका योग्य र सक्षम नागरिक तयार गर्नको लागि गन्यापधुरा गाउँपालिकाको क्षेत्रभित्र गाउँ कार्यपालिकाको कार्यालय, शैक्षिक संस्था, विद्यालय तथा शैक्षिक कार्यक्रम सञ्चालनमा संलग्न निकायहरुद्वारा सञ्चालन गरिने शिक्षा सम्बन्धी कार्य सञ्चालन तथा व्यवस्थापन गर्न र गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा ५७, अनुसूची ८ को सूची नं. ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) को अधिकार प्रयोग गरी गन्यापधुरा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ:** (१) यस ऐनको नाम "गन्यापधुरा गाउँपालिकाको शिक्षा ऐन, २०७९" रहेको छ।

(२) यो ऐन गन्यापधुरा गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि गन्यापधुरा गाउँपालिकाको कार्यक्षेत्र भर लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:-

(क) "ऐन" भन्नाले गन्यापधुरा गाउँपालिकाको शिक्षा ऐनलाई सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले गन्यापधुरा गाउँपालिकालाई सम्झनुपर्छ।

(ग) "गाउँसभा" भन्नाले गन्यापधुरा गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले गन्यापधुरा गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ङ) "गाउँ शिक्षा समिति" भन्नाले गन्यापधुरा गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ।

(च) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ।

(छ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ट) "शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद हेर्ने शाखालाई सम्झनुपर्छ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष

ईन्द्र बहादुर कार्की
अध्यक्ष

(ठ) “शिक्षा शाखा प्रमुख” भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा अधिकृत वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(ड) “प्राविधिक सहायक” भन्नाले गाउँ कार्यपालिकाको कार्यालयको शिक्षा हेर्ने प्राविधिक सहायकलाई सम्झनुपर्छ ।

(ढ) “प्रधानाध्यापक” भन्नाले सामुदायिक र संस्थागत विद्यालयको प्रशासनिक कामकाज समेतको जिम्मेवारी पाएको सम्बन्धित विद्यालयको शिक्षकलाई सम्झनुपर्छ ।

(ण) “शिक्षक” भन्नाले सामुदायिक र संस्थागत विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(त) “विद्यालय कर्मचारी” भन्नाले सामुदायिक र संस्थागत विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(थ) “गाउँ शिक्षा कोष” भन्नाले दफा ६६ बमोजिम गाउँपालिका क्षेत्रको शैक्षिक विकासका लागि स्थापना गरिएको कोष सम्झनुपर्छ ।

(द) “विद्यालय कोष” भन्नाले दफा ५२ बमोजिमको विद्यालय संचालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्छ ।

(ध) “प्रारम्भिक बाल शिक्षा” भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको प्रारम्भिक बाल शिक्षा दिइने प्रारम्भिक बाल विकास केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनुपर्छ ।

(न) “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल विकास देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(प) “माध्यमिक शिक्षा” भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(फ) “विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(ब) “प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनुपर्छ ।

(भ) “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(म) “संस्थागत विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(य) “विद्यालय व्यवस्थापन समिति” भन्नाले दफा १९ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(र) “शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(ल) “तोकिए वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेको नियमावली, कार्यविधि वा निर्देशिकामा तोके बमोजिमको व्यवस्थालाई सम्झनुपर्छ।

(श) “निजी शिक्षक” भन्नाले सामुदायिक विद्यालयले आफैले तलब भत्ता व्यहोर्ने गरी सो विद्यालयको विद्यालय व्यवस्थापन समितिले नियुक्त गरेको शिक्षक सम्झनुपर्छ।

(ष) “सामुदायिक सिकाइ केन्द्र” भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन, अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनुपर्छ।

(स) “शिक्षक सेवा आयोग” भन्नाले संघीय कानून बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनुपर्छ।

## परिच्छेद-२

## शिक्षाको प्रकार, विद्यालयको अनुमति, स्वीकृति, वर्गीकरण, समायोजन तथा नियमन

**३. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने:** (१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँपालिका अध्यक्ष समक्ष अनुमतिको लागि शैक्षिक सत्र सुरु हुनु भन्दा ३ महिना अगावै निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पूरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले अनुमति दिनेछ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न गाउँपालिका अध्यक्ष समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी शिक्षा समितिमा राय सहित आवेदन पेश गर्नेछ र माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिका अध्यक्षले पुनः अनुमति तथा स्वीकृति दिनेछ।

(५) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा तर्जुमा गरिएको प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा (टि–एसइइ) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाको अध्यक्षले अनुमति प्रदान गर्न सक्नेछ। तर अनुमति दिनु अघि परिषद्द्वारा तोकिएको मापदण्ड जाँचबुझ र यकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नु पर्नेछ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः–

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ:

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठी सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ।

तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको स्वीकृति लिनु पर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँपालिका अध्यक्ष समक्ष आवेदन दिनु पर्नेछ। गाउँ कार्यपालिकाबाट सोको स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नुपर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछन्।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी शिक्षण संस्थासँग सम्बन्धन गरी विद्यालय खोल्ने अनुमति वा स्वीकृति नेपाल सरकारको पूर्व स्वीकृति नलिई दिन सकिने छैन।

(११) यस अघि दर्ता भएका विद्यालय सम्बन्धी व्यवस्था: माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता भइ सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम सञ्चालन भएका मानिने छन्। तर यस अघि सञ्चालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ।

**४. धरौटी राख्नु पर्ने:** (१) संस्थागत विद्यालय खोल्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछ।

(क) माध्यमिक विद्यालयको लागि दुई लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ,

(ग) प्राथमिक विद्यालयको लागि पचास हजार रूपैयाँ।

तर, विशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सीमान्तकृत वा अति विकट भौगोलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यपालिकाले धरौटी छुट वा केही रकम कम गर्न सक्नेछ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

**५. <u>धरौटी रकम जम्मा गरिने</u> :** (१) विद्यालयले दफा ४ बमोजिमको धरौटी बापतको रकम गाउँपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्नेछ।

**६. <u>विद्यालयको तह</u> :** (१) विद्यालयको तह २ प्रकारका हुनेछन्:

(क) माध्यमिक तह: कक्षा १२ सम्म अध्ययन अध्यापन हुने,

(ख) आधारभूत तह: कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ, आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र बाल विकास केन्द्र अन्तर्गत बाल हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डरगार्टेनहरु रहनेछन्।

**७. <u>माध्यमिक शिक्षाको प्रकारः</u>** (१) माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन्ः–

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

(घ) खुला माध्यमिक शिक्षा।

**८. <u>विद्यालयको वर्गीकरणः</u>** (१) विद्यालयको भौतिक सुविधा, स्रोत साधन, लगानी, शिक्षक दक्षता, उत्तरदायित्व र पारदर्शिता, विद्यालय सञ्चालन प्रक्रिया र शैक्षिक उपलब्धिका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछ:

(क) "क" श्रेणीको विद्यालय

(ख) "ख" श्रेणीको विद्यालय

(ग) "ग" श्रेणीको विद्यालय

(घ) "घ" श्रेणीको विद्यालय

**९. <u>शिक्षाको माध्यमः</u>** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः–

(क) आधारभूत (कक्षा ५) सम्म मातृभाषामा शिक्षा दिन सकिनेछ।

(ख) गैर नेपाली नागरिकले गाउँपालिकाको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ।

**१०. <u>विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन</u>**



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

**सम्बन्धी व्यवस्था :** गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

**११. यसै ऐन बमोजिम लागू हुने:** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन बमोजिम पालना गर्नु पर्नेछ।

**१२. प्रारम्भिक बालविकास केन्द्र सञ्चालन:** गाउँपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै प्रारम्भिक बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ।

**१३. बाल गृहको संचालन:** गाउँपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले बाल गृह सञ्चालन गर्न पाउनेछ। बाल गृह सञ्चालनको लागि आवश्यक प्रक्रिया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

**१४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने:** गाउँपालिकाले समुदायमा साक्षरता, सीप विकास, आय आर्जन र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ। यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ।

**१५. गाउँपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :** (१) गाउँपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दुरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ।

(२) प्राथमिक तहको विद्यालयमा कुल ३० जना भन्दा कम विद्यार्थी भएमा गाउँपालिकाले गाउँ शिक्षा समितिको सिफारिसमा बाल शिक्षा केन्द्र मात्र कायम राखी त्यस माथिका कक्षाहरु बन्द गर्न सक्नेछ।

(३) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा स्वीकृतिका लागि निवेदन पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम पेश हुने आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृति दिन सक्नेछ।

(५) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन।

(६) माध्यमिक तहको हकमा कम्तीमा ५००००००/- (पचास लाख रुपैया मात्र), आधारभूत तहको हकमा कम्तीमा ३००००००/- (तिस लाख रुपैया मात्र) रुपैया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन।

## परिच्छेद -३

## शिक्षा सम्बन्धी संरचनागत व्यवस्था

**१६. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्था:** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछ :-



ईन्द्र बहादुर कार्की
अध्यक्ष

ईन्द्र बहादुर कार्की
अध्यक्ष

(क) गाउँपालिका अध्यक्ष वा सो काम गर्न तोकिएको व्यक्ति -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समिति संयोजक -सदस्य

(घ) गाउँपालिकाले तोकेको गाउँपालिकाको सदस्यहरु मध्येबाट कम्तीमा एकजना महिला सहित दुई जना - सदस्य

(ङ) गाउँपालिका भित्रका स्थानीय समाजसेवी वा शिक्षाप्रेमीहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनीत गरेको १ जना महिला, १ जना दलित सहित २ जना सदस्यहरु - सदस्य

(च) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनीत गरेको एक जना प्रधानध्यापक - सदस्य

(छ) संस्थागत विद्यालयहको प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनीत गरेको एक जना प्रधानाध्यापक -सदस्य

(ज) गाउँपालिकामा रहेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनीत एक जना अध्यक्ष - सदस्य

(ञ) शिक्षा अधिकृत -सदस्य-सचिव

(२) समितिको बैंठक सञ्चालन प्रकृया, बैठक भत्ता तथा सेवा सुविधा सम्बन्धी व्यवस्था कार्यपालिकाले तोकिए बमोजिम हुनेछ।

(३) गाउँपालिका क्षेत्र भित्रका विद्यालयका प्रधानाध्यापकहरु र स्थानीय शिक्षक महासंघको प्रतिनिधिलाई उपदफा (१) बमोजिमको समितिको बैठकमा पर्यवेक्षकको रुपमा आमन्त्रण गरिनेछ।

(४) विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाको प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(४) उपदफा (१) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ। मनोनीत सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेको देखिएमा शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले जुनसुकै बखत पनि हटाउन सक्नेछ। तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

**१७. <u>गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार</u>:** (१) संघ तथा प्रदेशबाट जारी भएका ऐन तथा नियमावलीमा र यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त गाउँ शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) शिक्षा शाखाबाट पेश भएको शैक्षिक योजना माथि छलफल गरी स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्ने,

(ख) गाउँपालिकामा स्वस्थ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा शाखा मार्फत पेश भएको कार्ययोजना माथि छलफल गरी आवश्यक देखिएमा परिमार्जन सहित स्वीकृत गर्ने,



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(ग) नेपाल सरकारको स्वीकृत नीति र निर्देशन अनुरूप विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखापरीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने, गराउने,

(झ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ञ) विद्यालय बन्द गर्न गाउँपालिकालाई सिफारिस गर्ने,

(ट) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ठ) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ड) गाउँ स्तरीय खेलकुद, स्काउट तथा साँस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा शाखालाई निर्देशन दिने,

(ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्ने,

(ण) गाउँकार्यपालिका तथा गाउँ सभावाट स्वीकृत शिक्षा योजना र मापदण्ड भित्र रही आवश्यक निर्देशन दिने,

(त) विद्यालयले कायम गर्नुपर्ने न्यूनतम् सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने,

(थ) गाउँपालिका क्षेत्र भित्र विशेष आवश्यकता भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गरी उनीहरुका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठनको व्यवस्था मिलाउने,

(द) विद्यालय सुधार तथा विकासका लागि नीति निर्देशन गर्ने,

(ध) गाउँ सभाबाट स्वीकृत शिक्षा नीति र गाउँ कार्यपालिकाबाट भएका शिक्षा सम्बन्धी निर्णयहरुको कार्यान्वयनका लागि आवश्यक अन्य कार्यहरु गर्ने, गराउने,

(न) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने ।

(प) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(फ) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

(ब) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने,



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(भ) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने ।

(म) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृति र अनुमतिको लागि गाउँपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(य) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(र) शिक्षक तालिम नीति तर्जुमा गरी लागू गर्ने ।

(ल) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(व) शिक्षामा सबै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई कार्यान्वयन गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु संचालन गर्ने ।

**१८. <u>शिक्षा अधिकृत सम्बन्धी व्यवस्था</u>**: (१) गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत रहने छन् ।

(२) **शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार:** संघ तथा प्रदेशबाट जारी भएका ऐन तथा नियमावलीमा र यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने तथा प्राप्त निर्देशन पालना गर्ने ।

(ख) शिक्षा सम्बन्धी कुनै प्रस्ताव गाउँपालिकामा पेश गर्नु पर्ने भए प्रमुख प्रशासकीय अधिकृत मार्फत पेश गर्ने,

(ग) शिक्षा सम्बन्धी गाउँपालिका स्तरीय योजना बनाई कार्यपालिकामा स्वीकृतिको लागि पेश गर्ने र स्वीकृत योजना कार्यान्वयन गर्ने,

(घ) गाउँपालिकाको शिक्षाको अवस्था, प्रगति आदि समेटिएको शैक्षिक बुलेटिन तयार गरी प्रत्येक आर्थिक वर्षमा प्रकाशित गर्ने,

(ङ) स्वीकृत अनौपचारिक शिक्षा, विशेष शिक्षा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सो सम्बन्धी अभिलेख तयार गर्ने,

(च) विद्यार्थी संख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को समुदायिक विद्यालयमा मिलान गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(छ) स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले अनुगमन र सुपरीवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

(ज) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको सञ्चालन गर्ने तथा अन्य शैक्षिक क्रियाकलाप संचालन गर्ने, गराउने,



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(झ) गाउँपालिका भित्र रहेका कम्पनी ऐन अन्तर्गत दर्ता भएका वा संस्थागत विद्यालयहरुको शैक्षिक कार्य योजनाको समन्वय र अनुगमन गरी सुधारका लागि सुझाव प्रस्तुत गर्ने,

(ञ) यस ऐन बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा सुपरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नु वा विद्यालय बन्द गर्नु पर्ने भएमा तत् सम्बन्धी कारबाही प्रक्रिया अगाडी बढाउने,

(ट) नियुक्ति वा बढुवाको लागि शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति तथा पदस्थापना गर्ने,

(ठ) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

(ड) शिक्षक वा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी त्यसको विवरण शिक्षा सेवा आयोगमा पठाउने,

(ढ) विद्यालय र प्रारम्भिक बाल विकास केन्द्रको सुपरीवेक्षण गर्ने, गराउने,

(ण) आधारभूत शिक्षा परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने तथा अभिलेख राख्ने,

(त) आधारभूत शिक्षा परीक्षाको लागि आवेदन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानून बमोजिम संशोधन गर्ने,

(थ) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने,

(द) विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक काम गर्ने,

(ध) गाउँपालिकावाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

(न) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

(प) विद्यालयमा लागू गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र निःशुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

(फ) विद्यालयको लेखापरीक्षणका लागि लेखा परीक्षक नियुक्त गर्ने र लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र बेरुजु फछ्यौंट गर्न लगाउने,

(ब) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

(भ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको तलबी प्रतिवेदन पारित गराउने,

(म) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने,

(य) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने, गराउने,



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(र) सामुदायिक विद्यालयको स्वीकृत, रिक्त दरबन्दीमा पदपूर्तिको लागि आयोगमा लेखी पठाउने,

(ल) यस ऐन तोकिएको मापदण्डको आधारमा शिक्षकको सरुवा गर्ने,

(व) विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षकलाई विद्यालय समय बाहेक वा विद्यालयको नियमित पठन पाठनमा असर नगर्ने गरी अतिरिक्त समयमा अन्यत्र कार्य गर्न पूर्व स्वीकृति प्रदान गर्ने,

(श) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरुलाई पुरस्कार तथा दण्डका लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(ष) संस्थागत विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(स) संघ, प्रदेश, गाउँ कार्यपालिका, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्बन्धित आयोगहरुबाट निर्देशित वा प्रत्यायोजित कार्य गर्ने ।

**१९. <u>विद्यालय व्यवस्थापन समिति:</u>** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चार जना -सदस्य

(ख) विद्यालय रहेको गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरुमध्येबाट सो वडा समितिले मनोनयन गरेको -सदस्य

(ग) विद्यालयको संस्थापक, स्थानीय बुद्धिजीवी वा शिक्षाप्रेमी, चन्दाताहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना -सदस्य

(घ) विद्यालयका शिक्षकहले आफुहरुमध्येबाट छानी पठाएको एक जना शिक्षक -सदस्य

(छ) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा जिल्लास्तरका उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) उपदफा (१) बमोजिमको विद्यालय व्यवस्थापन समितिमा सगोलमा रहेको एकाघरको एक जना भन्दा बढी रहन पाउने छैन् ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(६) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य रहनेछ ।

(७) गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाका वडाध्यक्ष र शिक्षा सम्बन्धी काम गर्ने कर्मचारीहरुलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(८) विद्यालय स्तरीय बालक्लबले मनोनयन गरेको एक बालक र एक जना बालिका गरी २ जनालाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गरिनेछ ।

(९) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(१०) विद्यालय व्यवस्थापन समितिको अवधिको गणना: दफा १९ को उपदफा (९) मा जुनसकै कुरा लेखिएको भए तापनि सामूदायिक विद्यालयको व्यवस्थापन समितिको अवधि गणना अभिभावक भेलाबाट दफा १९ को उपदफा (१) को खण्ड (क) मा उल्लेखित चारजना सदस्यहरुको छनौट भएको मिति देखि र संस्थागत विद्यालयको व्यवस्थापन समितिको अवधि गणना गाउपालिका अध्यक्षबाट अध्यक्षको मनोनयन भएको मिति देखि हुनेछ ।

(११) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँपालिकालाई दिने,

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने,

(छ) स्वीकृत दरबन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा गाउँपालिकावाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने,

(झ) गाउँपालिकाबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने,

(ट) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने,

(ठ) प्रचलित कानून र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने,



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(ढ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने,

(ण) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने,

(त) विद्यालयलाई शान्ति क्षेत्र र बालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व गर्नुपर्नेछ,

(थ) विद्यालयको भौतिक निर्माण तर्फको कार्य गर्न सार्वजनिक खरीद ऐन बमोजिम अमानत वा कोटेशन वा टेण्डर प्रक्रिया अपनाइ निर्माण कार्य गर्न सक्नेछ,

(द) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(१२) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैँ बनाउन सक्नेछ ।

(१३) विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने: (१) देहायका अवस्थामा विद्यालय व्यवस्थापन समितिको विघटन गर्न सकिनेछः–

(क) विद्यालयको सम्पति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

(ग) सरकारी नीति विपरीत काम गरेमा,

(घ) सम्बन्धित निकाय, प्रतिनिधि वा कर्मचारीले दिएको निर्देशनको पालन नगरेमा,

(ङ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा ।

(१४) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई गाउँ शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनुपर्नेछ ।

(१५) उपदफा (१३) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि विद्यालयले यसै ऐन बमोजिम तत्काल अर्को विद्यालय व्यवस्थापन समिति गठन गर्नुपर्नेछ ।

**२०. <u>संस्थागत विद्यालयको व्यवस्थापन समितिः</u>** (१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिकाबाट मनोनित गरेको व्यक्ति -अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना -सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(घ) गाउँपालिकाको शिक्षा अधिकृत वा प्राविधिक सहायक - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पदअनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**२१. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ङ) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने,

(च) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षाक्षेत्रसँग सम्बन्धित सबै नीति, नियम, तथा निर्देशनहरूको पालना गर्ने;

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२२. शिक्षक अभिभावक संघः** (१) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरू सदस्य रहेको एक शिक्षक अभिभावक संघ रहनेछ । सामूदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिले अभिभावकहरूको भेला गराइ सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरू समेत रहने गरी बढीमा एघार सदस्यीय शिक्षक अभिभावक संघकोकार्यकारी समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित शिक्षक अभिभावक संघको कार्यकारी समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ । कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(क) विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) शिक्षा सम्बन्धी प्रचलित ऐन नियम बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने।

(घ) प्रत्येक वर्षको प्रथम त्रैमासिक भित्र विद्यालय विद्यालयमा त्यो भन्दा अघिल्लो आर्थिक वर्षमा भएको गतिविधिलाई समेटेर सामाजिक परीक्षण गर्ने।

(४) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिले यस कार्यविधि बमोजिम शिक्षक अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ।

**२३. अभिभावक सम्बन्धी व्यवस्थाः**

(१) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने अभिभावक सम्बन्धी व्यवस्था संघीय तथा प्रादेशिक मापदण्डका आधारमा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ४

## विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवा शर्त र योग्यता

**२४. गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्नेः** (१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरबन्दी निर्धारण गाउँपालिकाले गर्नेछ।

(२) गाउँपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमका दरबन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँपालिकाले राख्नु पर्नेछ।

**२५. दरबन्दी मिलानः** (१) गाउँ शिक्षा समितिले विद्यालयमा तहगत, कक्षागत तथा विषयगत र शिक्षक विद्यार्थी अनुपातका आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरबन्दी मिलानका लागि दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि बमोजिम गाउँ शिक्षा समितिले गाउँ कार्यपालिका समक्ष सिफारिस गर्न सक्ने छ।

(२) उपदफा (१) बमोजिम दरबन्दी मिलान गर्दा शिक्षक कम भएका विद्यालय, विद्यालय नै नभएको क्षेत्र तथा पिछडिएका र ग्रामिण क्षेत्रलाई प्राथमिकता दिइने छ।

**२६. शिक्षण सहयोग अनुदानः** गाउँपालिकाले विद्यालयमा उपलब्ध दरबन्दी र विद्यार्थी सङ्ख्याको अनुपातमा विद्यालयलाई शिक्षण सहयोग अनुदान उपलब्ध गराउन सक्नेछ। सो अनुदानबाट विद्यालयले यो ऐन बमोजिम शिक्षकको व्यवस्थापन गर्नुपर्नेछ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

**२७. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमताः** शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता सम्बन्धी व्यवस्था संघीय तथा प्रादेशिक तथा गाउँपालिकाको मापदण्डको आधारमा तोकिए बमोजिम हुनेछ।

**परिच्छेद-५**

**प्रधानाध्यापकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार**

**२७. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** (१) प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक जना प्रधानाध्यापक रहनेछ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ:

(क) माध्यमिक तहको प्रधानाध्यापकको हकमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा स्थायी शिक्षक हुनु पर्नेछ। सो नभएमा स्थायी शिक्षकहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्तिका लागि शिक्षा विकास तथा समन्वय इकाईलाई सिफारिस गरिनेछ।

(ख) आधारभूत तहको प्रधानाध्यापकको हकमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा स्थायी शिक्षक हुनु पर्नेछ। सो नभएमा स्थायी शिक्षकहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँ शिक्षा समितिबाट प्रधानाध्यापक नियुक्तिका लागि शिक्षा विकास तथा समन्वय इकाईलाई सिफारिस गरिनेछ।

(ग) प्रधानाध्यापकले नियुक्ति हुनु पूर्व पाँच वर्षे विद्यालय विकास प्रस्ताव विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ र सोको आधारमा प्रधानाध्यापक पदमा नियुक्तिका लागि सिफारिस गरिनेछ।

(घ) प्रधानाध्यापकको पदावधि ५ वर्षको हुनेछ र निज पुन: सो पदमा नियुक्त हुन सक्नेछ।

(ङ) यो ऐन लागू भए पश्चात् विद्यालयको प्रधानाध्यापक पदमा बहाल रहेका प्रधानाध्यापहरुबाट विद्यालय विकास प्रस्ताव पेश गर्न लगाई पुन: सो पदमा नियुक्त हुन सक्नेछ।

(च) प्रभानाध्यापकले पेस गरेको विद्यालय विकास प्रस्ताव बमोजिम कार्य गरेको नपाईएमा वा आफूले कार्यदक्षता करार बमोजिम काम नगरेको वा निजको आचरण खराब रहेको कुरा शिक्षा अधिकृतले दिएको प्रतिवेदन र विद्यालय व्यवस्थापन समितिको सिफारिसबाट देखिएमा गाउँ शिक्षा समितिले निजलाई प्रधानाध्यापकको पदबाट जहिलेसुकै हटाउन शिक्षा विकास तथा समन्वय इकाईलाई सिफारिस गर्न सक्नेछ। प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट वञ्चित गरिने छैन।

(३) प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार:

संघ, प्रदेशबाट जारी गरिएको ऐन नियम र यस ऐनको अन्यत्र उल्लेख गरिएको बाहेक प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर र अनुशासन कायम राख्ने,



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरू बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरूसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने, गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख शिक्षा अधिकृतले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरूको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन शिक्षा शाखा तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा शिक्षा शाखामा सिफारिस गर्ने,

(ण) गाउँ कार्यपालिकाबाट स्थायी नियुक्ति एवं पदस्थापन भई आएका शिक्षकलाई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने,

(त) महिनामा कम्तीमा एक पटक शिक्षक तथा कर्मचारीहरूको बैठक बोलाई विद्यालयको प्राज्ञिक, भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(थ) विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त भएका शिक्षक तथा कर्मचारीहरुको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(द) विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने,



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(ध) विद्यालयको प्रभावकारी संचालनको लागि वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने, गराउने,

(न) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध-वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई शिक्षा शाखामा पठाउने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब बृद्धि रोक्का गर्ने,

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने,

(र) स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलवी प्रतिवेदन पारित गर्न शिक्षा शाखामा पठाउने,

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको काम, कर्तव्य तोक्ने,

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालन गर्ने/गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालयद्वारा निर्धारित ढाँचा र समयभित्र प्रमाणित गराई शिक्षा शाखामा पठाउने,

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने,

(स) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सम्पत्ति विवरण फाराम निर्धारित समयमा भर्न लगाई विद्यालयमा दर्ता गरी शिक्षा शाखा मार्फत शिक्षक किताबखानामा पठाउने,

(ह) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोष, बीमा, सामाजिक सुरक्षाकोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने,

(क्ष) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामान तथा सेवा खरिद गर्ने।

(त्र) विद्यालयको व्यवस्थापकीय तथा शैक्षिक प्राविधिक नेतृत्व गरी विद्यालयको बृहत्तर हित र समग्र विकास गर्ने।

(ज्ञ) प्रधानाध्यापक गाउँपालिका, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार हुनेछ। यसका लागि:

अ. अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने,



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

आ. प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि प्रधानाध्यापकले शिक्षा अधिकृतसँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षा प्रत्याभूत गर्नुपर्ने,

इ. शिक्षक एवं कर्मचारीलाई प्रधानाध्यापक प्रति जिम्मेवार बनाउन तथा गुणस्तरीय शिक्षाका लागि गाउँ कार्यपालिका, शिक्षा समिति र शिक्षा अधिकृतले प्रचलित कानुन बमोजिम दिएका निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलव्धिका लागि शिक्षकहरुसँग कार्यसम्पादन करार गर्नुपर्नेछ,

ई. विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलव्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुनेछ,

उ. विद्यालयको प्राज्ञिक नेतृत्व गर्ने, प्रवर्द्धनात्मक कार्य गर्ने ।

**२८. सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** माध्यमिक तहको प्रधानाध्यापकलाई सहयोग पुऱ्याउन विद्यालयमा कार्यरत माध्यमिक तहका शिक्षकहरु मध्येबाट प्रधानाध्यापकको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले एकजनालाई सहायक प्रधानाध्यापक तोक्न सक्नेछ ।

## परिच्छेद- ६

## शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

**२९. शिक्षक तथा विद्यालय कर्मचारीको स्थायी नियुक्ति:**

(१) विद्यालयको स्वीकृत सबै प्रकारका दरबन्दीमा शिक्षक तथा विद्यालय कर्मचारीको स्थायी नियुक्ति शिक्षक सेवा आयोगको सिफारिस बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त शिक्षक तथा कर्मचारीलाई शिक्षा अधिकृतले पदस्थापना गर्नेछ ।

**३०. करार पदमा शिक्षकको नियुक्तिः** (१) विद्यालयमा कायम भएको रिक्त दरबन्दी शिक्षक पदमा करार नियुक्तिका लागि सिफारिस गर्न देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ:

(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -संयोजक

(ख) गाउँपालिकाको शिक्षा अधिकृत - सदस्य

(ग) विषयगत विज्ञ सूची मध्येबाट शिक्षा अधिकृतले तोकेको विषय विज्ञ दुई जना - सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(२) शिक्षक छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) शिक्षक छनौट समितिले शिक्षक सिफारिसका लागि लिइने परीक्षाको केन्द्र गन्यापधुरा गाउँ कार्यपालिकाको कार्यालयमा राख्नु पर्नेछ ।

(४) परीक्षाको पाठ्यक्रम: शिक्षक तथा विद्यालय कर्मचारी करार नियुक्ति सिफारिस समितिले सञ्चालन गर्ने प्रतिस्पर्धात्मक परीक्षामा शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रमको प्रयोग गरिनेछ ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(५) विद्यालय व्यवस्थापन समितिले शिक्षक वा कर्मचारीको रिक्त रहेको पदमा ३ महिनासम्म पनि पदपूर्तिको प्रक्रिया अगाडि नबढाएमा त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई गाउँ शिक्षा समितिले विघटन गरी गाउँ शिक्षा समितिको निर्णय बमोजिम पदपूर्तिको प्रक्रिया अगाडि बढाउन सक्नेछ।

**३१. अनुदान शिक्षक र विद्यालय कर्मचारी:** (१) यस सम्बन्धी व्यवस्था गाउँपालिकाको नियमावली तथा कार्यविधि बमोजिम हुनेछ।

(२) अनुदान शिक्षक र विद्यालय कर्मचारीको सेवा शर्त, योग्यता र सक्षमताः अनुदान शिक्षक र विद्यालय कर्मचारीको सेवा शर्त, योग्यता र सक्षमता सम्बन्धी व्यवस्था संघीय तथा प्रादेशिक तथा गाउँपालिकाको मापदण्डको आधारमा तोकिए बमोजिम हुनेछ।

**३२. गाउँपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा शिक्षकको सरुवा:**

(१) गाउँपालिका भित्र एक विद्यालयवाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दी भित्र गाउँ कार्यपालिकाको निर्णयबमोजिम शिक्षक सरुवा गर्न सक्नेछ।

(२) स्थायी, अस्थायी, करार, राहत सबै प्रकारका शिक्षकको सरुवा गर्न सकिनेछ।

(३) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा दुई वर्ष सेवा पूरा नगरी सरुवा गरिनेछैन् तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा सरकारी अस्पतालको दरबन्दीमा रहेको कम्तिमा दुई जना चिकित्सकले सिफारिस गरेमा वा मनासिव अन्य कारण खुलाई शिक्षकले निवेदन दिएमा वा शिक्षक आचारसंहिता पालना नगरेको भनी विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेमा निजलाई जुनसुकै बखत पनि सरुवा गर्न सकिनेछ।

(४) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम बाहेक शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमको मापदण्डका आधारमा गर्नु पर्नेछ:

(क) तोकिएको जिम्मेवारी तोकिएको समयभित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालय र शिक्षा अधिकृतबाट सिफारिस भएमा,

(ख) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ग) दरबन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

(घ) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलबलिएको वा खलबलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(ङ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(च) पति पत्नी दुबै शिक्षक रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा,



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(छ) गाउँपालिका भित्र समान पद र विषय मिल्ने भएमा सरुवा हुन चाहने शिक्षकहरुले गाउँकार्यपालिकामा संयुक्त निवेदन दिएमा र उक्त व्यहोरा उपयुक्त देखेमा शिक्षा अधिकृतको सिफारिस समेतको आधारमा त्यस्ता शिक्षकहरुको पारस्परिक सरुवा गर्न सक्नेछ ।

(६) स्थायी नियुक्ति भई परीक्षणकालको अवधि पुरा नभएको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

(७) उपदफा (८) बमोजिम सरुवा गर्दा साधारणतया अपाङ्गता भएका र महिला शिक्षकलाई पायक पर्ने स्थानमा सरुवा गरिनेछ ।

(८) न्यूनतम २ वर्ष एकै विद्यालयमा अध्यापन गरेका स्थायी शिक्षकले अर्को विद्यालयमा सरुवा हुन चाहेमा गाउँ शिक्षा समितिमा सरुवाका लागि निवेदन दिन सक्नेछन् । तर कम्तीमा २ वर्ष एउटै विद्यालयमा काम नगरी सरुवा गरिने छैन ।

(९) उपदफा (५) बमोजिम प्राप्त निवेदनका आधारमा गाउँ शिक्षा समितिले आफ्नो क्षेत्रभित्रका दरवन्दी उपलब्ध भएका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिले सहमति प्रदान गरेको विद्यालयमा सरुवा गर्न सक्नेछ ।

**३३. प्रारम्भिक बालविकास सहजकर्ता सम्बन्धमा:**

(क) बालविकास सहजकर्ताको योग्यता संघीय तथा प्रादेशिक कानुन बमोजिम हुनेछ र छनौट प्रक्रिया गाउँपालिकाले निर्धारण गरेको कार्यविधि बमोजिम हुनेछ ।

(ख) गाउँपालिका भित्र एक विद्यालयवाट अर्को विद्यालयमा वा एक प्रारम्भिक बालविकास केन्द्रबाट अर्को प्रारम्भिक बालविकास केन्द्रबाट दरबन्दी भित्र रही गाउँ कार्यपालिकाको निर्णयबमोजिम प्रारम्भिक बालविकास सहजकर्ता सरुवा गर्न सक्नेछ ।

**३४. विद्यालय कर्मचारी सम्बन्धी व्यवस्था:**

(क) विद्यालय कर्मचारीहरुको नियुक्ति प्रक्रिया गाउँ शिक्षा समितिले तयार गरेको कार्यविधि बमोजिम हुनेछ ।

(ख) गाउँपालिका भित्र एक विद्यालयवाट अर्को विद्यालयमा दरबन्दी भित्र रही गाउँ कार्यपालिकाको निर्णयबमोजिम विद्यालय कर्मचारी सरुवा गर्न सक्नेछ ।

**३५. शिक्षकको बढुवा सम्बन्धी व्यवस्था:** (१) स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानून बमोजिम हुनेछ ।

**३६. शिक्षकलाई अन्य काममा लगाउन नहुने:** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

**३७. कार्यसम्पादन करार सम्झौता गर्न सकिनेः** (१) शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गरिनेछ ।

(२) सबै विद्यालयका प्रधानाध्यापकहरुले शिक्षा अधिकृतसँग, सम्पूर्ण शिक्षक तथा कर्मचारीहरुले प्रधानाध्यापकसँग कार्यसम्पादन करार सम्झौता गर्नु पर्नेछ ।

(३) कार्यसम्पादन करार सम्झौता १ वर्षको हुनेछ । करार सम्झौता अनुसार काम भए नभएको मूल्याङ्कन शिक्षा अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(४) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**३८. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कारः** (१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था  मिलाउनु पर्नेछ ।

(२) कार्यसम्पादन करारका सूचकहरु तयार गर्दा शिक्षकको सिर्जनशीलता, परिवर्तनशीलताको विकास हुने प्रकारका सूचकहरु निर्धारण गर्नु पर्नेछ ।

(३) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) कार्यसम्पादन बमोजिम कामको मूल्याङ्कन प्रत्येक ६ महिनामा गरी कार्य सन्तोषजनक भएमा पुन: ६ महिनाका लागि करार सम्झौता गरिनेछ ।

**३९. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः** (१) उचित र पर्याप्त कारण भएमा शिक्षक वा कर्मचारीलाई देहायको विभागीय सजाय गर्न सकिनेछ ।

(२) नसिहत दिने**:** शिक्षकले विद्यालयमा आउने, अध्यापन गर्ने र जाने समय पालन नगरेमा निजलाई नसिहत दिन सकिनेछ ।

(३) पाँच वर्षसम्म तलब वृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्ने**:** देहायको अवस्थामा शिक्षकलाई पाँच वर्षसम्म तलब वृद्धि वा दुई वर्षसम्म बढुवा रोक्का गर्न सकिनेछः-

(क) अनुशासनहीन काम गरेमा,

(ख) बराबर विद्यालयको समय पालन नगरेमा,

(ग) आचरणसम्बन्धी नियम उल्लङ्घन गरेमा,

(घ) कार्यक्षमताको अभाव भएमा,

(ङ) खटाइएको तालिम वा प्रशिक्षणमा भाग लिन नगएमा,

(च) प्रधानाध्यापकले तालिम वा प्रशिक्षणमा छनोट भएका शिक्षकलाई सहभागी हुन नपठाएमा,



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(४) नोकरीबाट हटाउने: देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ:-

(क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ख) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(ग) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(घ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य व्यावसायिक क्रियाकलाप गरेमा,

(ङ) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

(५) उपदफा (४) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ। तर कार्यरत पदवाट हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

## परिच्छेद -७

## विद्यार्थी मूल्याङ्कन

**४०. कक्षोन्नती**ः (१) कक्षा बालविकासमा न्यूनतम सिकाइका मापदण्ड पुरा गरे पश्चात कक्षा १ मा कक्षोन्नती गर्न सक्ने व्यवस्था मिलाउन सकिनेछ।

(२) कक्षा ४ मा भर्ना हुन न्यूनतम मापदण्ड पुरा गरेको हुने पर्ने व्यवस्था गर्न सकिनेछ।

(३) कक्षा ६ र कक्षा ९ मा भर्ना हुन आधारभुत, प्राथमिक र आधारभूत तहको न्यूनतम मापदण्ड निर्माण गर्न सकिनेछ।

(४) बिचमै कक्षा वृद्धि गराउन चाहे विद्यालयले निश्चित मूल्याङ्कनको मापदण्ड बनाई मूल्याङ्कनको आधारमा कक्षा वृद्धि गर्न सक्नेछ तर यसरी वृद्धि गराउँदा कक्षा ६, ९ र ११ बाहेक बढीमा एक कक्षा सम्म कक्षा वृद्धि गर्न सकिनेछ।

## परिच्छेद-८

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, संचालन र व्यवस्थापन

**४१. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**ः (१) विद्यालयमा विद्यार्थी संख्या अनुसार

कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेरबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

**४२. विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हक भोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ ।

(२) यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँपालिका शिक्षा कोषमा जम्मा गर्न सक्नेछ ।

(३) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ ।

(४) कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(५) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(६) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिकाको अनुमति लिनु पर्नेछ ।

**४३. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापनः** (१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ ।

(२) विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानून बमोजिम भोग चलन गर्न सक्ने छ ।

(३) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(४) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहने छ ।

**४४. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** (१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ ।

(२) विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै पाठ्यपुस्तकको प्रबन्ध सम्बन्धित निकायहरुमा समन्वय गरी गर्नेछ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा पाठ्यभार बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्पुयस्तक गाउँ शिक्षा समितिले निर्णय गरी लागू गर्न सक्नेछ ।

(५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रबन्ध हुनु पर्नेछ ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

**४५. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन:** विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरु बालक्लव तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहु प्रतिभामुखी क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-९

## मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

**४६. अनुमति र स्वीकृति लिनु पर्ने:** संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम गाउँपालिकाबाट अनुमति र स्वीकृति लिनु पर्नेछ ।

**४७. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने :** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्बन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्नेछ ।

(३) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४८. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्ने:** गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

**४९. अनुगमन तथा मूल्याङ्कन:** (१) संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न र निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**५०. अनुमति वा स्वीकृति रद्द गर्ने:** (१) कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएकोअनुमति रद्द गर्न सक्नेछ ।

(२) अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

## परिच्छेद-१०

## परीक्षा सञ्चालन तथा गुणस्तर मापन

**५१. परीक्षा सञ्चालन तथा समन्वय समिति:** (१) गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ ।

(क) गाउँ शिक्षा समितिको अध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामाजिक विकास समितिको संयोजक - सदस्य



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(घ) प्रमुख, सम्वन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय - सदस्य

(ङ) शिक्षा अधिकृत - सदस्य-सचिव

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) स्थानीय तहको क्षेत्रधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्बन्धित निकायवाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ।

(४) कक्षा ५ र कक्षा ८ को परीक्षा संचालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ। यसका लागि सम्बन्धित कक्षाका विद्यार्थीहरुबाट परिक्षामा लाग्ने खर्च प्राप्त गर्न परीक्षा शुल्क लिन सक्नेछ।

(५) गाउँपालिकाले निर्णय गरे वाहेकको कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ।

## परिच्छेद-११

## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन

**५२. विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः–

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

**५३. अनुदानको व्यवस्था:** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ।

(२) कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिंइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ।

(३) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ।

(४) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ।

**५४. बजेट तयार गर्ने:** प्रधानाध्यापकले प्रत्येक वर्षको चैत्र देखि असार मसान्तभित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ।

**५५. लेखा व्यवस्थापनः** (१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्यायको लेखा व्यवस्थापन



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

गर्नु पर्नेछ ।

(२) नियमित कारोबारको लेखा राख्न बेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

**५६. सामुदायिक विद्यालयको खाता सञ्चालन:** (१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) माध्यमिक र आधारभूत विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नु पर्नेछ ।

(३) आधारभूत विद्यालय कक्षा (१-५) को खाता सञ्चालन प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षको दस्तखतबाट गर्नु पर्नेछ ।

**५७. लेखा परीक्षण तथा सामाजिक परीक्षण:** (१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको सामाजिक परीक्षण प्रथम  त्रैमासिक र लेखापरीक्षण गाउँ शिक्षा समितिले तोकेको रजिष्ट्राड लेखा परीक्षकबाट द्वितीय त्रैमासिक भित्र गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आयव्यय, शैक्षिक उपलब्धि, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

(४) विद्यालयले हरेक त्रैमासिक परीक्षाको नतिजा सहित विद्यार्थीको शैक्षिक प्रगति प्रतिवेदन अभिभावक समक्ष पेस गरी पृष्ठ पोषण लिनु पर्नेछ ।

**५८. छात्रवृतिको व्यवस्था गर्न सक्ने:** गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**५९. शुल्क सम्बन्धी व्यवस्था:** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(३) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ ।

(५) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ । यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

६०. **विद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममाजुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-१२

## विविध

६१. **प्राविधिक तथा व्यवसायिक शिक्षा अध्यापन गराउन सकिनेः** गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ।

(२) उपदफा (१) बमोजिमको विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ।

६२. **गाउँपालिकाले निर्देशन दिन सक्नेः** (१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

६३. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः** (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ।

६४. **प्रगति विवरण बुझाउनु पर्ने :** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति

विवरण गाउँ पालिका कार्यालयमा बुझाउनु पर्नेछ।

६५. **शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउनेः** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै संस्थागत विद्यालय संचालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन।

६६. **गाउँ शिक्षा कोषः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पीडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर वृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछ:



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) कोषको सञ्चालन गाउँपालिकाको प्रमुख, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट हुनेछ।

**६७. दण्ड सजायः** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछः–

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,।

(छ) कानून विपरीतको अन्य कार्य गरेमा।

(३) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ।

**६८. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

**६९. नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक कार्यविधि तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**७०. संक्रमणकालीन व्यवस्थाः** (१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ।



ईन्द्र बहादुर कार्की
अध्यक्ष
ईन्द्र बहादुर कार्की
अध्यक्ष

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिन सक्नेछ।

**७१. बाधा अडकाउ फुकाउने अधिकार:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ। तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत: निष्क्रिय हुनेछ।

**७२. बचाउ र लागू नहुने:** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना–मिनाहा गरेको कसूरमा प्रचलित भ्रष्टाचार निवारण सम्बन्धी ऐन अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन।

(३) संविधानसँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ।

(४) **बचाउ:** यस ऐनको उद्देश्य तथा विषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ।

**गन्यापधुरा गाउँपालिकाको गाउँसभाको सम्वत २०७९ साल पौष २६ गते मंगलबारका दिन बसेको गाउँसभाको हिउँदे अधिवेशनको दोस्रो बैठकबाट नेपालको संविधानको धारा २२६ को उपधारा (१), स्थानीय तहको कानून निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ को उपदफा (१) बमोजिम प्रमाणित गर्दछु।**

..............................

**ईन्द्र बहादुर कार्की**

**गन्यापधुरा गाउँपालिका**

**मिति:.....................**

**गाउँसभा अध्यक्ष**



ईन्द्र बहादुर कार्की
अध्यक्ष

ईन्द्र बहादुर कार्की
अध्यक्ष